# भीमदत्त नगरपालिका विनियोजन विधयेक, २०७९

**भीमदत्त नगरपालिकाको आर्थिक बर्ष २०७९/०८० को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषवाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको विधयेक ।**

सभाबाट स्वीकृत मितिः २०७९/०३/०७

**प्रस्तावनाः**

भीमदत्त नगरपालिकाको आर्थिक वर्ष २०७८/०८० को सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वान्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम भीमदत्त नगरपालिकाको नगर सभावाट पारित भै यो ऐन लागु गरिएको छ ।

**१.संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "भीमदत्त नगरपालिकाको विनियोजन विधयेक, २०७९" रहेको छ

(२) यो विधयेक २०७९ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष** २०७९/०८० **को निमित्त सञ्चित कोषवाट रकम खर्च गर्ने अधिकारः**

(१)आर्थिक वर्ष २०७९/०८० को निमित्त नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालु खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम **रु. १,८४,०२,०१,०००।- ( अक्षेरुपी एक अरब चौरासी करोड दुइ लाख एक हजार मात्र** ) मा नवढाई निर्दिष्ट गरिए वमोजिम सञ्चित कोषवाट खर्च गर्न सकिनेछ ।

**३.विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषवाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७९/०८० को लागि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नगरपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका लागि विनियोजन गरेको रकम मध्ये कुनै मा वचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरपालिकाले वचत हुने शीर्षक वाट अपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षक वाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नवढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरु वाट अर्को एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा वाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकवाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूची-१
## (दफा २ सँग सम्वन्धित)

नेपालको संविधान, २०७२ को धारा २२९ (२) बमोजिम

आर्थिक वर्ष २०७९।०८० को लागि प्रस्तावित बार्षिक वजेट

| सि.नं. | | | आम्दानी शीर्षक | रकम रु. | सि.नं. | | | खर्च शीर्षक | रकम रु. |
|---|---|---|---|---|---|---|---|---|---|
| **१** | | | **आन्तरिक आय** | **२३५००००००** | **१** | | | **आन्तरिक आय (१७,००,००,०००) र विभाज्य कोषबाट प्राप्त (४,५०,००,०००)** | **२१५००००००** |
| | १ | | आन्तरिक राजश्व | १२००००००० | | १ | | चालू खर्च | १४३३००००० |
| | २ | | मालपोत रजिष्ट्रेशन शुल्क | ५०००००००० | | २ | | वडा कार्यालय चालु खर्च | १००००००० |
| | ३ | | विभाज्य कोष बाट प्राप्त हुने रकम | | | ३ | | पुँजिगत खर्च | २३७००००० |
| | | १ | दहत्तर बहत्तर ( ७२०००००० मध्ये ६० प्रतिशतले हुन आउने) | ४३२००००० | | ४ | | पुँजिगत खर्च (नगर विकास समिति) | ० |
| | | २ | विज्ञापन कर( ३०००००० मध्ये ६० प्रतिशतले हुन आउने) | १८००००० | | ५ | | सावा व्याज भुक्तानी (नगर विकास कोष) | ३००००००० |
| | ४ | | जनसहभागिता | २००००००० | | ६ | | विभिन्न कोषहरुमा विनियोजन | ८०००००० |
| **२** | | | **बाह्य आय** | **१०२५२०१०००** | | | १ | प्रकोप व्यवस्थापन कोष | ५०००००० |
| | १ | | **वित्तिय समानिकरण** | **२९९०९६०००** | | | २ | निर्मित सार्वजनिक संरचनाहरूको मर्मत सम्भार कोष | २५००००० |
| | | १ | संघीय सरकार | २७८१००००० | | | 3 | लैङ्गिक हिंसा निवारण कोष | ५००००० |
| | | २ | प्रदेश सरकार | २०९९६००० | | ७ | | RUDP चालु खर्च म्याचिङ | ० |
| | २ | | **सशर्त अनुदान** | **४७५७०००००** | **२** | | | **राजश्व बाँडफाँड** | **१८१६०५०००** |
| | | १ | सशर्त अनुदान संघ सरकार | ४७५७००००० | | १ | | चालू खर्च | १५३३००००० |
| | | २ | सशर्त अनुदान प्रदेश सरकार | ० | | | 1 | वडा कार्यालय चालु खर्च | १००००००० |
| | ३ | | **राजश्व बाँडफाँड** | **१८१६०५०००** | | | 2 | नगरपालिका चालु खर्च | १४३३००००० |
| | | १ | राजश्व बाँडफाड संघ सरकार | १७३६८९००० | | | ३ | पुँजिगत खर्च | २८३०५००० |
| | | २ | राजश्व बाँडफाड प्रदेश | ७९१६००० | **३.** | | | **वित्तिय समानिकरण** | **२९९०९६०००** |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | सरकार | | | | | | |
| | ४ | | **समपुरक अनुदान** | **२५८०००००** | | १ | | पुँजिगत खर्च | २१५२९६००० |
| | | १ | समपुरक अनुदान संघ सरकार | २१०००००० | | | १ | वडागत पुजिगत योजना | १४००००००० |
| | | २ | समपुरक अनुदान प्रदेश सरकार | ४८००००० | | | २ | नगरस्तरीय पुजिगत योजना र विषयगत शाखा कार्यक्रम | ७५२९६००० |
| | ५ | | **विशेष अनुदान** | **५००००००** | | २ | | पुँजिगत खर्च (म्याचिङ फण्ड) | ८३८००००० |
| | | १ | विशेष अनुदान संघ सरकार | ५०००००० | | | १ | संघीय समपुरक म्याचिङ (समानीकरण- संघ) | २१०००००० |
| | | २ | विशेष अनुदान प्रदेश सरकार | ० | | | २ | प्रदेश समपुरक म्याचिङ (समानीकरण - संघ) | ४८००००० |
| | ६ | | **क्षेत्रिय शहरी विकास आयोजना** | **०** | | | ३ | सडक वोर्ड नेपाल म्याचिङ | ३०००००० |
| | ७ | | **सडक वोर्ड नेपाल** | **७५०००००** | | | ४ | RUDP (PBSEDP) म्याचिङ | ० |
| | ८ | | **अन्य अन्तरसरकारी अख्तियारी** | **३०५०००००** | | | ५ | मझगाँउ विमानस्थलका लागि म्याचिङ | १५०००००० |
| | ९ | | **समाजिक सुरक्षा** | **५००००००००** | | | ६ | इको पार्कका म्याचिङ | १००००००० |
| | १० | | **बैंक मौज्दात** | **८०००००००** | | | ७ | सहलगानी | ० |
| | | | | | | | ८ | मुख्य प्रशासनिक भवन म्याचिङ्ग | ३०००००० |
| | | | | | ४ | | | **विशेष अनुदान** | **५००००००** |
| | | | | | ५ | | | **सशर्त अनुदान** | **४७५७०००००** |
| | | | | | | १ | | चालू खर्च | ४४४६००००० |
| | | | | | | २ | | पुँजिगत खर्च | ३११००००० |
| | | | | | ६ | | | **समपुरक अनुदान** | **२५८०००००** |
| | | | | | ७ | | | **सडक वोर्ड नेपाल** | **७५०००००** |
| | | | | | ८ | | | **क्षेत्रिय शहरी विकास आयोजना** | **०** |
| | | | | | | १ | | चालू खर्च | ० |
| | | | | | | २ | | पुँजिगत खर्च | ० |
| | | | | | ९ | | | **जनसहभागिता खर्च** | **२०००००००** |
| | | | | | १० | | | **सामाजिक सुरक्षा खर्च** | **५००००००००** |
| | | | | | ११ | | | **अन्तरसरकारी अख्तियारी** | **३०५०००००** |
| | | | | | १२ | | | **अधुरा तथा क्रमागत योजनाहरूको भुक्तानी** | **८०००००००** |
| **जम्मा आय** | | | | **१८४०२०१०००** | **जम्मा खर्च** | | | | **१८४०२०१०००** |